स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल
Independent Power Producers' Association, Nepal

# News Clips

www.ippan.org.np

लोकप्रिय राष्ट्रिय दैनिक
www.rajdhanidaily.com
राजधानी
वर्ष २३, अंक २५९ | बिहीबार १५ चैत २०८०, नेपाल संवत् ११४४ | RAJDHANI Nepali National Daily | Thursday 28 March 2024 | पृष्ठ : ८ | मूल्य रु. १०/-

# बाढी प्रभावितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन माग



राजधानी समाचारदाता
काठमाडौं

पूर्वका बाढी प्रभावितलाई जलविद्युत् आयोजनाले लामो समयसम्म राहत नपाएको भन्दै सम्बन्धित सरोकारवालाले जतिसक्दो छिटो प्रभावितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन्।

बुधबार संघीय संसद्को अर्थ समितिमा भएको छलफलमा सम्बन्धित सरोकारवाला एवं बाढी प्रभावित आयोजनाका प्रतिनिधिले सरकारसँग यस्तो माग गरेका हुन्। १० महिनासम्म बाढी प्रभावित जलविद्युत् आयोजनाले राहत तथा क्षतिपूर्ति नपाएपछि अर्थ समितिले चासो राखेर सम्बन्धित सरोकारवालालाई छलफलमा बोलाएको थियो।

अर्थ समितिमा बाढीप्रभावित आयोजनाका प्रतिनिधि, स्वतन्त्र ऊर्जा उत्पादकको संस्था- नेपाल (इप्पान), ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेत, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी, ऊर्जा मन्त्रालयका सचिव र राजस्व सचिवसहित सो विषयमा छलफल भएको थियो।

समितिको बैठकमा इप्पानका अध्यक्ष गणेश कार्कीले बाढी गएको १० महिना बितिसक्दा पनि अझै प्रभावित आयोजनाले राहत तथा क्षतिपूर्ति पाउन नसक्नु दुःखद भएको बताए। ऊर्जा मन्त्रालयले अर्थलाई देखाउने र अर्थ मन्त्रालयले ऊर्जालाई देखाउँदै अहिलेसम्मको समय त्यसै बितेको भन्दै उनले जतिसक्दो छिटो प्रभावितलाई राहत उपलब्ध गराउन माग गरे।

बाढी प्रभावित आयोजनाका तर्फबाट बोल्दै पाँचथर पावर कम्पनीका अध्यक्ष राजेश श्रेष्ठले भन्सार बिन्दुमा आइपुगेका सामानलाई भन्सार छुट दिने निर्णय नगरी दिँदा तीन महिनादेखि सामान रोकिएको र ६० दिन कटेपछि सामान नछुटाए भन्सारले लिलाम गर्न सक्ने प्रावधान रहेको भन्दै छिटो निर्णय गरिदिन आग्रह गरे।

मेन्छियाम हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत सेवक पोखरेलले बाढीले क्षति पुगेका आयोजनाबारे सरकारले निर्णय गर्न ढिलाइ गर्दा आयोजनाका प्रवर्द्धक सडकमा आउने अवस्था आइसकेको बताए।

यसैगरी, १८ जना कामदारलाई बाढीले बगाएको अपर हेवा खोला जलविद्युत् आयोजनाका निमा लामाले यति ठूलो क्षति भएको विषयमा कोही पनि गम्भीर नभएको बताए।

ऊर्जा मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले बाढी प्रभावित आयोजनाले राहतस्वरूप पुनर्निर्माणमा प्रयोग हुने मेसिनरी उपकरणमा कर छुट मागेको र सो कर छुटको विषय आर्थिक ऐनसँग सम्बन्धित भएकाले अर्थ मन्त्रालयले नै मन्त्रिपरिषद्मा लैजानुपर्ने बताए।

राजस्व सचिव रामप्रसाद घिमिरेले भने आर्थिक ऐनमा कर छुट दिने विषय हटाइसकेकाले अर्थले सो विषयमा मन्त्रिपरिषद्मा प्रस्ताव लिनै नमिल्ने जिकिर गरे। उनले बरु दैविक प्रकोपअन्तर्गत राहत माग गरेर ऊर्जा मन्त्रालयबाटै मन्त्रिपरिषद्मा प्रस्ताव लैजान उपयुक्त हुने बताए।

अर्थसमितिका सदस्य सूर्य थापाले पीडामा परेका जलविद्युत् आयोजना प्रभावितलाई राहत दिने विषयमा केही समाधानको उपाय दिएर समस्या समाधान गरिदिन राजस्व सचिवलाई आग्रह गरे। यदि यहाँबाट पनि समाधान निस्किँदैन भने प्रधानमन्त्रीको रोहबरमा सबै पक्ष बसेर फेरि छलफल गर्नुपर्ने उनको भनाइ थियो।

अर्थ समितिका अर्का सदस्य मेटमणि चौधरीले सरकारले क्याल्कुलेटर लिएर नाफाको हिसाब मात्रै गर्न नहुने भन्दै अप्ठ्यारोमा परेका व्यवसायीलाई कुनै पनि हिसाबले राहत दिनुपर्ने बताए। उनले सरकारले नाफा मात्रै हेर्ने हो भने त आफैंले व्यापार गर्नुपर्ने जिकिर गरे।

अर्थ समितिकै सदस्य दीपक खड्काले बाढी गएको १० महिनासम्म बाढी प्रभावित आयोजनालाई झुलाएर राखेको भन्दै राहत दिन सकिन्छ भने सरकारले तुरुन्तै दिनुपर्ने र सकिन्न भने पनि राहत दिन मिल्दैन भनेर निर्णय गरिदिनुपर्ने बताए। उनले सरकारले राहत दिन्न भन्यो भने सक्नेले आयोजना पुनर्निर्माण गर्ने र नसक्नेले सरकालाई चाबी बुझाएर आफ्नो बाटो लाग्ने धारणा राखे।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बाढी प्रभावित आयोजनाले मागेको ५० करोड रुपैयाँ पुनर्कर्जा १० वर्ष अवधिका लागि दिने कार्यविधि नै नभएकाले यसलाई समष्टिगत रूपमा निर्णय गर्नुपर्ने बताए। त्यसो गर्ने हो भने पुनर्कर्जासम्बन्धी कार्यविधि संशोधन गर्नुपर्ने उनको भनाइ थियो।

सम्बन्धित सरोकारवाला एवं आयोजना प्रभावितको कुरा सुनेपछि ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतले राहत दिनकै लागि निरन्तर प्रयास गरिरहेको र यसलाई कुन बाटोबाट गएर समस्या समाधान गर्न सकिन्छ भन्ने विषयमा सरकारले सबै विकल्पमा छलफल गर्ने आश्वासन दिए।

मन्त्री बस्नेतले भारतसँग छिट्टै विद्युत् खरिद सम्झौता नवीकरण हुने समेत बताए उनले विद्युत् खरिद सम्झौता नवीकरणको प्रक्रिया अगाडि बढेको जानकारी दिए।

भारतसँग विद्युत् खरिद सम्झौता नवीकरण नहुने र नेपालमा बिजुली अपुग भएर लोडसेडिङ हुने हल्ला निराधार भएको बताउँदै मन्त्री बस्नेतले भने, 'हरेक वर्ष प्रतिस्पर्धी बजारबाट बिजुली ल्याउन नवीकरण गर्नुपर्ने भएकाले सरकार त्यो प्रक्रियामा रहेको छ।' उनले नियमित प्रक्रियामा प्रत्येक वर्ष खरिद सम्झौता नवीकरण हुँदै आएकाले यो वर्ष समस्या नहुने बताए।

समितिका सभापति सन्तोष चालिसेले अर्थ समितिमा विषयले प्रवेश पाइसकेपछि ढिलो-चाँडो बाढी प्रभावित आयोजनाले राहत पाउनेमा विश्वस्त हुन प्रवर्द्धकलाई आग्रह गरे। 'आजको आजै निर्देशन हुने छलफलमै निर्णय भइहाल्ने भन्ने होइन। यहाँ आइसकेपछि विषय त्यतिकै समाप्त हुँदैन। निकास निस्केन भने फेरि पनि छलफलमा बोलाउँछौं', उनले भने।

मध्यान्ह
राष्ट्रिय दैनिक
Madhyanha National Daily

# भन्सारमै मर्मत सामग्री रोकिँदा बाढीले क्षतिग्रस्त जलविद्युत आयोजनाको काम ठप्प



छबि सापकोटा/मध्यान्ह
काठमाडौं, १४ चैत ।

गत जेठ ३२ र असार १ गते पूर्वी नेपालमा आएको बाढीबाट २९ वटा जलविद्युत आयोजनामा क्षति भएको थियो । कतिपय आयोजना निर्माणको अन्तिम चरणमा रहेको अवस्थामा बाढिले बगाएपछि आयोजनाको काम ठप्प छ । बाढीले क्षति पुऱ्याएका जलविद्युत आयोजनालाई क्षतिपूर्ति र सहुलियत दिने भनिएपनि १० महिना बितिसक्दा समेत सरकारबाट सहयोग नभएको भन्दै ऊर्जा प्रवर्द्धकहरुले संसदको अर्थसमितिमा आफनो समस्या राखेका छन् ।

ऊर्जा प्रवर्द्धकहरुले क्षतिग्रस्त जलविद्युत् आयोजना मर्मतको लागि भनेर खरिद गरिएको सामग्री समेत भन्सारमै रोकिएको बताएका छन् । सरकारले मर्मतको सामग्री ल्याउनका लागि भन्सार छुट नदिँदा तीन महिनादेखि भन्सारमै रोकिएको र आयोजनाको काम ठप्प भएको ऊर्जा प्रवर्द्धकहरुको गुनासो छ । ऊर्जा मन्त्रालयले भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट दिन पत्राचार गरे पनि अर्थमन्त्रालयले रोक्दा अर्बौंको सामग्री भन्सारमा रोकिएको ऊर्जा प्रवर्द्धकहरुले बताएका छन् ।

स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले बाढी गएको १० महिनासम्म पनि आयोजनाहरुले राहत तथा क्षतिपूर्ति पाउन नसक्नु दु:खद भएको बताए । ऊर्जा मन्त्रालयले अर्थलाई देखाउने र अर्थ मन्त्रालयले ऊर्जालाई देखाउँदै समय बितेको उनको भनाइ छ । त्यस्तै, पाँचथर पावर कम्पनीका अध्यक्ष राजेश श्रेष्ठले भन्सार विन्दुमा आइपुगेका सामानहरुलाई भन्सार छुट दिने निर्णय नगरिदिँदा तीन महिनादेखि सामग्रीहरु रोकिएको र ६० दिन कटेपछि सामग्री नछुटाए भन्सारले लिलाम गर्न सक्ने प्रावधान रहेको भन्दै छिटो निर्णय गरिदिन आग्रह गरे । बाढीले क्षति पुगेका आयोजनाहरुको वारेमा सरकारले निर्णय गर्न ढिलाइ गर्दा आयोजनाका प्रवर्द्धकहरु सडकमा आउने अवस्था भएको उनले बताए ।

राजस्व सचिव डा. रामप्रसाद घिमिरेले भने आर्थिक ऐनमा जलविद्युत आयोजनाको मर्मत सम्भारका लागि सामग्री ल्याउँदा छुट दिने व्यवस्था अहिले नभएको भन्दै छुट दिन नसक्ने बताए । यस्तै, ऊर्जा सचिव गोपालप्रसाद सिग्देलले भने कर छुट दिने विषयमा अर्थ मन्त्रालयमा सिफारिस पठाएको बताए । राजस्व छुट दिन नसकिने भएकाले विपद्अनुसार राहत दिने गरी प्रस्ताव अघि बढाउन ऊर्जा मन्त्रालयमा पत्र फिर्ता गरेको सचिव घिमिरे बताउँछन् ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले उर्जा उद्योगीहरुको सवालको जवाफ दिँदै राहत दिनकै लागि निरन्तर प्रयास गरिरहेको र कुनै विकल्पमा छलफल गर्ने समस्याको सामाधान गर्ने बताए । समितिका सभापति सन्तोष चालिसेले अर्थसमितिमा विषयले प्रवेश पाइसकेपछि ढिलो चाँडो बाढी प्रभावित आयोजनाले राहत पाउनेमा विश्वस्त हुन प्रवर्द्धकलाई आग्रह गरेका छन् ।

नागरिक आर्थिक
बिहीबार १५ चैत २०८०, Thursday, 28 March 2024

# बाढी प्रभावित जलविद्युत् आयोजनाले राहत नपाएको गुनासो

काठमाडौं, चैत १४ (नागरिक)- पूर्वका बाढी प्रभावित जलविद्युत् आयोजनाले लामो समयसम्म राहत नपाएको गुनासो ऊर्जा विज्ञहरूले गरेका छन्। बुधबार संघीय संसद्को अर्थसमितिमा स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) नेपालका अध्यक्ष गणेश कार्कीले बाढी गएको १० महिनासम्म पनि आयोजनाले राहत तथा क्षतिपूर्ति पाउन नसक्नु दुःखद भएको बताए। क्षतिपूर्तिका लागि माग गरे पनि ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयलाई देखाउने गरेको गुनासो गरे।

बाढी प्रभावित आयोजनाका तर्फबाट बोल्दै पाँचथर पावर कम्पनीका अध्यक्ष राजेश श्रेष्ठले भन्सार विन्दुमा आइपुगेका सामानहरूको भन्सार छुट दिने निर्णय नगर्दा तीन महिनादेखि सामानहरू रोकिएको र ६० दिन कटेपछि सामान नछुटाए भन्सारले लिलाम गर्न सक्ने प्रावधान रहेको भन्दै छिटो निर्णय गरिदिन आग्रह गरे।



मेन्छियाम हाइड्रोपावरका प्रमुख कार्यकारी अधिकृत सेवक पोखरेलले बाढीले क्षति पुगेका आयोजनाहरूको बारेमा सरकारले निर्णय गर्न ढिलाइ गर्दा आयोजनाका प्रवर्धकहरू सडकमा आउने अवस्था आइसकेको बताए।

अपर हेवा खोला जलविद्युत् आयोजनामा कार्यरत १८ जना कामदारलाई बाढीले बगाएको बताउँदै निमा लामाले यति ठूलो क्षति भइसक्दा पनि कोही गम्भीर नभएको बताए।

बैठकमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतले राहत दिनकै लागि निरन्तर प्रयास गरिरहेको र यसलाई कुन बाटोबाट गएर गर्न सकिन्छ भन्ने विषयमा सबै विकल्पमा छलफल गर्ने आश्वासन दिए। ऊर्जा सचिव गोपालप्रसाद सिग्देलले बाढी प्रभावित आयोजनाहरूले राहतस्वरूप पुनः निर्माणमा प्रयोग हुने मेसिनरी उपकरणमा कर छुट मागेको र करछुटको विषय आर्थिक ऐनसँग सम्बन्धित भएकाले अर्थ मन्त्रालयले नै मन्त्रिपरिषद्मा लैजानुपर्ने बताए।

राजस्व सचिव रामप्रसाद घिमिरेले भने आर्थिक ऐनमा कर छुट दिने विषय हटाइसकेकाले अर्थले सो विषयमा मन्त्रीपरिषद्मा प्रस्ताव लिनै नमिल्ने जिकिर गरे। बरु दैवी प्रकोपअन्तर्गत राहत माग गरेर ऊर्जा मन्त्रालयबाटै मन्त्रीपरिषद्मा प्रस्ताव लैजान उपयुक्त हुने उनले दोहोऱ्याए।

वर्ष १९ । अंक १७० । काठमाडौं । बिहीवार, १५ चैत २०८० । Thursday, 28 March 2024 । पृष्ठ ८ । मूल्य रू. १०

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

# बाढीप्रभावित जलविद्युत् आयोजना संकटमा

## ८ अर्बको क्षति बेहोरेका ३० आयोजनाले १० महीनासम्म राहत पाएनन्

अभियान संवाददाता

काठमाडौं

गत असारमा आएको बाढी पहिरोका कारण अर्बौं रुपैयाँ क्षति बेहोरेका ३० जलविद्युत् आयोजनासम्बद्ध प्रवर्द्धकहरूले १० महीनासम्म पनि सरकारी निकायबाट कुनै राहत नपाएको गुनासो गरेका छन् ।

गत असार १ र २ गते आएको बाढी पहिरोबाट पूर्वी नेपालमा बनेका ३० ओटा आयोजनाले साढे ८ अर्ब रुपैयाँ बराबर क्षति बेहोरेको निजीक्षेत्रका जलविद्युत् प्रवर्द्धकहरूको छाता संगठन स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले बताएको छ ।

ताप्लेजुङ, पाँचथर, संखुवासभा, भोजपुरलगायत जिल्लामा निर्माण सम्पन्न भइसकेका १३ र निर्माणाधीन १७ आयोजनामा बाढीले क्षति पुऱ्याएको थियो । निर्माण सम्पन्न १३ मध्ये तीन आयोजना पुनः सञ्चालनमा आए पनि बाँकी अझै सञ्चालनमा आइनसकेको इप्पानको भनाइ छ ।

प्रतिनिधिसभा अन्तर्गतको अर्थ समिति बैठकमा बुधवार ऊर्जा उत्पादकहरूले दैवी प्रकोपबाट क्षति बेहोरेको लामो समयसम्म पनि राहत नपाएको र मर्मतसम्भारका लागि आवश्यक पार्टपुर्जा आयातमा भन्सार छूटसमेत नपाउँदा प्रभावित आयोजना संकटको अवस्थामा पुगेको गुनासो गरे ।

बैठकमा इप्पान अध्यक्ष गणेश कार्कीले मुलुकको ऊर्जा उत्पादनमा करीब ६० प्रतिशत हिस्सा ओगट्ने निजीक्षेत्रका आयोजनाहरूले व्यापक क्षति बेहोर्दा पनि राज्यका तर्फबाट कुनै राहत वा सुविधा पाउन नसकेको गुनासो गरे ।

'बीमा भुक्तानी नपाएको लगायत क्षतिग्रस्त आयोजनालाई सस्तो ब्याजमा पुनर्कर्जा उपलब्ध गराउन र मर्मत सामग्री आयातमा भन्सार छूट दिने विषयमा धेरैपटक हामीले प्रधानमन्त्री, ऊर्जामन्त्रीसँग कुरा राख्यौं । तर, आश्वासनबाहेक केही प्रगति हुन सकेन,' उनले भने ।

असारमा आएको बाढीबाट क्षति बेहोर्नेमध्येको एउटा पाँचथर पावर कम्पनी हो । बैठकमा उक्त कम्पनीका अध्यक्ष राजेशकुमार श्रेष्ठले मर्मतसम्भारका लागि ल्याइएको सामानमा सरकारले भन्सार छूट नदिँदा महीनौंदेखि अड्किएर बसेको बताए ।

सरकारले त्यस्ता सामानमा भन्सार छूट पाउने सुविधा चालू आर्थिक वर्षदेखि हटाएको बताएको छ । क्षतिग्रस्त आयोजनाका प्रवर्द्धकहरू आयोजना पुनः सञ्चालनमा ल्याउन नसक्दा आम्दानी नभएको र बैंकको ऋण तिर्न गाह्रो भएको बताउँछन् । यसले गर्दा क्षतिग्रस्त आयोजनाहरू बैंकको कालोसूचीमा पर्न सक्ने जोखिम बढेको उनीहरूको भनाइ छ ।

ऊर्जा उत्पादकहरूको माग सम्बोधन गर्न ऊर्जा मन्त्रालयले समन्वय गरेर अर्थ मन्त्रालयलाई पत्र लेखे पनि अर्थले चासो नदिएको आरोप ऊर्जा उत्पादकहरूको छ ।

तैपनि सरकारी निकायका अधिकारीहरूले ऊर्जा उत्पादक कम्पनीलाई राहतको कुनै आश्वासन दिन सकेनन् । ऊर्जासचिव गोपाल सिग्देल कर छूटको विषय अर्थ मन्त्रालयसँग सम्बद्ध भएकाले उसैले क्याबिनेटमा प्रस्ताव लानुपर्ने बताउँछन् । तर, आर्थिक ऐनमा कर छूटको विषय हटिसकेकाले अर्थले प्रस्ताव लान नमिल्ने उनले जिकीर गरे । दैवीप्रकोपको विषय ऊर्जा मन्त्रालयले नै क्याबिनेट लैजानु उपयुक्त हुने उनको भनाइ छ ।

क्षतिग्रस्त आयोजना क्षेत्रका सांसदहरूले सरकारले ऊर्जा प्रवर्द्धकहरूको संरक्षणमा ध्यान दिन नसकेको आरोप लगाए । सांसद दीपक खड्काले पीडितको पक्षमा सरकार गम्भीर र उदार हुन जरुरी रहेको बताए ।

ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले क्षतिको संवेदनशीलतालाई आफूले मनन गरे पनि आजको भोलि नै सबै समस्या समाधान गर्न सम्भव नभएकाले त्यो काममा आफू लागिरहेको बताए । 'ऊर्जाक्षेत्रका लागि यो ठूलो समस्या हो । समाधान अलि छिटो हुनुपर्थ्यो, केही ढिलो भयो । वातावरणीय प्रभावबाट हाम्रा आयोजनाहरूमा पटकपटक क्षति हुने गरेको छ । क्षति भएका आयोजना पुनः निर्माण गर्न र समस्या समाधानमा हामीले ध्यान दिनेछौं,' उनले भने ।

### लोडशेडिङ हुने हल्लामा विश्वास नगरौं : ऊर्जामन्त्री



काठमाडौं (अस) । ऊर्जामन्त्री शक्तिबहादुर बस्नेतले लोडशेडिङ हुन लागेको हल्लामा विश्वास नगर्न आग्रह गरेका छन् ।

आफ्नो विद्युत् व्यापार बजार (इन्डियन इनर्जी एक्सचेन्ज) बाट नेपाललाई बिजुली किन्न दिने सम्झौता नवीकरण गर्न भारतले आनाकानी गरिरहेकाले अर्को हप्ताबाट नेपालमा लोडशेडिङ हुन सक्ने सम्भावनाका समाचार विभिन्न सञ्चार माध्यमले बाहिर ल्याएका छन् । नेपाल विद्युत् प्राधिकरणका अनुसार उक्त सम्झौता प्रत्येक वर्ष नवीकरण गर्नुपर्छ । अहिलेको सम्झौताको म्याद चैत १८ गते सकिँदै छ ।

बुधवार प्रतिनिधिसभाअन्तर्गतको अर्थ समिति बैठकमा मन्त्री बस्नेतले भारतसँगको सम्झौता नवीकरण पनि हुने र लोडशेडिङ पनि नहुने भनी आश्वस्त पार्न खोजे । पत्रपत्रिकाको समाचारमा उल्लेख भए जस्तो लोडशेडिङ हुन लागेको हल्लामा विश्वास नगर्न उनले आग्रह गरे ।

'भारतबाट हामीले हरेक वर्ष प्रतिस्पर्धी बजारबाट बिजुली ल्याउन म्याद नवीकरण गर्नुपर्छ । अहिले हामी म्याद थप गर्ने प्रक्रियामा छौं । अहिले जेजस्तो हल्ला सुनिएको छ त्यो सबै मिथ्या हो,' उनले भने ।

करीब ३ महीनादेखि भारत सरकारले प्रतिस्पर्धी बजारबाट आयात गर्न दिने अनुमति नवीकरणमा आनाकानी गर्दै आएको छ । अहिले प्राधिकरणले आन्तरिक माग पूरा गर्न ६०० मेगावाटभन्दा बढी बिजुली आयात गरिरहेको छ । बिजुली आयात गर्ने अनुमति नवीकरणमा भारतले आनाकानी गरेपछि ऊर्जासचिव गोपालप्रसाद सिग्देलले मंगलवार भारतका ऊर्जासचिवसँग टेलिफोन वार्तासमेत गरेका थिए ।